चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति :- २०८३/०३/११ गते

समय :- बिहान ठीक ८:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ६३ औं बैठक का.बा. नगर प्रमुख श्री इश्वरी कुमारी शर्मा बि.एम.ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

क्र.सं.	नाम, थर	पद	दस्तखत
१	इश्वरी कुमारी शर्मा (बि.एम.)	का.बा. नगर प्रमुख	
२	इन्द्रे गिरी	वडा अध्यक्ष - वडा नं. १	
३	विरबहादुर राना	वडा अध्यक्ष - वडा नं. २	
४	लालबहादुर बुढा	वडा अध्यक्ष - वडा नं. ३	
५	गोपालबहादुर भण्डारी	वडा अध्यक्ष - वडा नं. ४	
६	खुमबहादुर खड्का	वडा अध्यक्ष - वडा नं. ५	
७	जयप्रकाश बोहरा	वडा अध्यक्ष - वडा नं. ६	
८	भिमप्रसाद जैसी	वडा अध्यक्ष - वडा नं. ७	
९	शशिराम वि.क.	वडा अध्यक्ष - वडा नं. ८	
१०	नरबहादुर मल्ल	वडा अध्यक्ष - वडा नं. ९	
११	विरेन्द्र रोकाय	वडा अध्यक्ष - वडा नं. १०	
१२	तुल्से वली	वडा अध्यक्ष - वडा नं. ११	
१३	टिकाराम ओली	वडा अध्यक्ष - वडा नं. १२	
१४	श्रीकृष्ण शर्मा	वडा अध्यक्ष - वडा नं. १३	
१५	थलबहादुर कवर	वडा अध्यक्ष - वडा नं. १४	
१६	उमादेवी सुनार	कार्यपालिका सदस्य	
१७	पुतला पुन (मल्ल)	कार्यपालिका सदस्य	
१८	भिमा थापा	कार्यपालिका सदस्य	
१९	मिना के.सी.	कार्यपालिका सदस्य	
२०	लक्ष्मी सुनार	कार्यपालिका सदस्य	
२१	तुलाराम सुनार	कार्यपालिका सदस्य	
२२	विमला नेपाली	कार्यपालिका सदस्य	
२३	देवेन्द्र कुमार सुनार	कार्यपालिका सदस्य	
२४	रामप्रसाद शर्मा	सचिव	

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०६३

मिति २०८३ असार ११ गतेको ६३ औं नगर कार्यपालिका बैठकका प्रस्तावहरू

क्र.स.	प्रस्ताव	निर्णयको सङ्क्षिप्त व्यहोरा	कैफियत
१	यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव ।	यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने ।	
२	कन्टिन्जेन्सी रकम विनियोजन सम्बन्धमा	चौरजहारी नगरपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार कार्यान्वयन भइ भुक्तानी हुँदा उक्त योजनाहरूबाट कट्टी भएको कन्टिजेन्सी शीर्षक अन्तर्गतको रकमबाट नयाँ आयोजनाहरूमा रकम विनियोजन गर्ने ।	
३	भूकम्प प्रभावित आवासको पुनःनिर्माण सम्बन्धमा	मिति २०८० कार्तिक १७ गते राति ११:४७ बजे जाजरकोट रामीडाँडा केन्द्रबिन्दु भइ आएको भूकम्पका कारण यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका क्षेतिग्रस्त नीजि आवासहरूको राष्ट्रिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाडौंबाट विस्तृत क्षति आँकलन (DDA) भएका वास्तविक लाभग्राहीहरू छनोट गर्ने।	
४	आय ठेक्का/बसपार्क सञ्चालन सम्बन्धमा	चौरजहारी नगरपालिका वडा नं. १ र २ मा अवस्थित चौरजहारी बसपार्क सञ्चालनको लागि यस अघि ठेक्का आव्हान गरिएकोमा कुनै पनि बोलपत्रदाताबाट प्रस्ताव पेश हुन नआएकोले निर्माण सम्पन्न भएको बसपार्क सञ्चालनमा नआउँदा समस्या भएको छ । सोही कारण सार्वजनिक हित तथा व्यवस्थित यातायात व्यवस्थापनलाई मध्यनजर गर्दै बसपार्क सञ्चालनको आय ठेक्काको लागि पुनरावलोकन गरी ठेक्का व्यवस्थापन गर्ने।	

हरीकुमारी शर्मा बि.एम.

क्र.स.	प्रस्ताव	निर्णयको सङ्क्षिप्त व्यहोरा	कैफियत
५	ठेक्का रद्ध गरी कालो सूचीमा राख्ने सम्बन्धमा	आर्थिक वर्ष २०७७/०७८ मा यस नगरपालिकाबाट ठेक्का आव्हान गरिएको ठेक्का नं CJM/WORKS/NCB/29/077/078, कोटजहारी १५ शैयाको अस्पतालको लागि श्री बि कोइ जय वागेश्वरी माता जे भि नेपालगन्ज २४ बाँकेलाई पटकपटक म्याद थप गर्दा समेत निर्माण कार्य नगरेको साथै मिति २०८२/१२/७ गते युग आव्हान दैनिकमा ठेक्का अन्त्य किन नगर्ने सम्बन्धी सूचना प्रकाशित गरी सात भित्र विश्वसनिय स्पष्टिकरण पेस गर्न समय दिईएकोमा कुनै जवाफ पेस नभएकोले ठेक्का रद्द गरी कालोसूचीमा राख्ने र पुन्हः सोही कार्यको लागि ठेक्का आव्हान गर्ने ।	
६	किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा प्रमाणीकरण सम्बन्धमा	किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७९ को दफा ५ अनुरूप गरिएको मूल्याङ्कनका आधारमा यस चौरजहारी नगरपालिका अन्तर्गत श्री कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्रको सेवा किशोरकिशोरी मैत्री रहेको पाइएकोले उक्त संस्थालाई किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा प्रमाणीकरण गर्ने ।	
७	पोषणमैत्री स्वास्थ्य संस्था घोषणा सम्बन्धमा	पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९ परिच्छेद ५ अनुरुप पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्न चाहिने अनिवार्य मापदण्ड र पोषण विशेष सेवाका मुख्य सूचकहरूको मूल्याङ्कन गर्दा यस चौरजहारी नगरपालिका अन्तर्गत श्री कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्रको सेवा पोषणमैत्री रहेको पाइएकोले उक्त पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गर्ने ।	

क.स.	प्रस्ताव	निर्णयको सङ्क्षिप्त व्यहोरा	कैफियत
८	सुरक्षित गर्भपतन सेवा तथा स्वास्थ्यकर्मी सूचीकृत सम्बन्धमा	सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार नियमावली, २०७७ को नियम (१४) को उपनियम (२) बमोजिम गरिएको मूल्याङ्कनका आधारमा यस चौरजहारी नगरपालिका अन्तर्गत श्री कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्र र सोही संस्थाबाट सेवा दिने सेवा प्रदायक कर्मचारीलाई सुरक्षित गर्भपतन सेवाको लागि सूचिकृत गर्ने ।	
९	विविध सम्बन्धमा	१. चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको अन्य भत्ता (सुत्केरी स्याहार भत्ता, स्वास्थ्य कर्मीको नाइट सार्वजनिक विदा लगायत) खर्च शीर्षकमा विनियोजन भएको ६ लाख रकम अपुग भई कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्रमा रकम भुक्तानी गर्नका लागि अपुग रकम र शैक्षिक क्यालेन्डरको लागि आवश्यक रकम भुक्तानी दिने । २. चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको कला संस्कृति खर्च शीर्षकमा विनियोजन भएको रकबाट नगरपालिकाको वाङ्मय कला परिषद ऐन, २०८१ बमोजिम नगर कार्यपालिकाबाट गठित कार्यकारी समितिबाट कार्यान्वयन हुने गरी आवश्यक सामग्रीहरू खरिद गर्ने । ३. यस चौरजहारी नगरपालिका स्थित सामुदायिक तथा संस्थागत विद्यालयहरूका लागि कक्षा १ देखी कक्षा ८ सम्म कार्यान्वयनमा रहेको	

चौरजहारी नगरपालिका नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा ८ बमोजिम मिति २०८३ असार ११ गतेको ६३ औं बैठकबाट भएका निर्णयहरू :

चौरजहारी नगरपालिका नगरकार्यपालिकाको बैठक नगरपालिकाका का.वा. नगरप्रमुख श्री इश्वरी शर्मा बि.एम.ज्यूको अध्यक्षता तथा नगरकार्यपालिकाका अन्य सदस्यहरूको उपस्थितिमा मिति २०८३ साल असार ११ गते विहीबार बिहान ८:१५ बजे चौरजहारी नगरपालिका नगरकार्यपालिकाको सभा हलमा बसी बैठकमा पेश भएको प्रस्ताव र कार्यसूचीमा उल्लेख भएका विषयका सम्बन्धमा छलफल गरी देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. १: यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धमा छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्था सम्बन्धी समीक्षा गरियो । साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने।

निर्णय नं. २: कन्टिन्जेन्सी रकम विनियोजन सम्बन्धमा छलफल गर्दा यस चौरजहारी नगरपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार कार्यान्वयन भइ भुक्तानी हुँदा उक्त योजनाहरूबाट कट्टी भएको कन्टिजेन्सी शीर्षक अन्तर्गतको रकमबाट **अनुसूची-१** बमोजिमका आयोजनाहरूमा रकम विनियोजन गरियो।

निर्णय नं. ३: भूकम्प प्रभावित आवासको पुनःनिर्माण सम्बन्धमा छलफल गर्दा मिति २०८० कार्तिक १७ गते राति ११:४७ बजे जाजरकोट रामीडाँडा केन्द्रबिन्दु भइ आएको भूकम्पका कारण यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका क्षेतिग्रस्त नीजि आवासहरूको राष्ट्रिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंबाट विस्तृत क्षति आँकलन (DDA) भइ लाभग्राहीहरू कायम भएकोमा जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम भाग) को च.नं. ३४८६ मिति २०८३/०१/२२ गतेको पत्रबाट DDA गर्दा वास्तविक पीडित छुटेको तथा गैह्र पीडित लाभग्राही समावेश भएको, लाभग्राही छनौट र सिफारिस आर्थिक/राजनैतिक लाभको आधारमा गरेको, सम्बन्धित स्थानीय तहहरूले उजुरी/गुनासो गर्दा गर्न नमानेको लगायतका व्यापक गुनासो आएको भनि यस अघि भएको DDA को सूचीमा रहेका र लाभग्राहीको सूचीमा रहेका लाभग्राहीको प्राविधिक कर्मचारीहरूबाट पुनःमूल्याङ्कन गराई वास्तविक लाभग्राहीको सूची पहिचान गर्ने भनि पत्राचार भएकोमा यस नगरपालिकाबाट भूकम्प प्रभावित आवासको पुनःनिर्माण कार्यका लागि नगरपालिकाका प्राविधिक, वडा कार्यालय, विपद व्यवस्थापन समितिको सहजीकरणमा वास्तविक लाभग्राहीहरू छनोट गरी सोको विवरण यथाशिघ्र जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने।

इश्वरीकुमारी शर्मा बि.एम.
नगर प्रमुख

<u>निर्णय नं. ४</u>: आय ठेक्का/बसपार्क सञ्चालन सम्बन्धमा छलफल गर्दा यस चौरजहारी नगरपालिका वडा नं. १ र २ मा अवस्थित चौरजहारी बसपार्क निर्माण कार्य सम्पन्न भइसकेको अवस्थामा उक्त बसपार्क सञ्चालनका लागि नगर कार्यपालिकाको कार्यालयबाट ठेक्का नं. CJM/BPR/NCB/01/2082/083 को बसपार्क पूर्वाधार सेवा शुल्क उठाउने सम्बन्धमा बसपार्कको सटर तथा पसल कबल क्षेत्रको व्यवस्थापन पक्ष छनोट सम्बन्धी सूचना प्रथम पटक मिति २०८२ कात्तिक १४ गते, दोस्रो पटक मिति २०८२ मंसिर २५ गते र तस्रो पटक मिति २०८२ पुस २२ गते प्रकाशित गरिएकोमा कुनै पनि बोलपत्रदाताबाट प्रस्ताव पेश हुन नआएकोले निर्माण सम्पन्न भएको बसपार्क सञ्चालनमा नआउँदा सवारी साधनहरू बजार क्षेत्रमै छरपस्ट रूपमा पार्किङ हुने गरेको, जसबाट बजार क्षेत्रको सौन्दर्य, यातायात व्यवस्थापन तथा आवागमनमा प्रतिकूल प्रभाव परेको अवस्था विद्यमान रहेकोले सार्वजनिक हित तथा व्यवस्थित यातायात व्यवस्थापनलाई मध्यनजर गर्दै बसपार्क सञ्चालनको आय ठेक्काको लागि पुनरावलोकन गरी ठेक्का व्यवस्थापन गर्ने र ठेक्का व्यवस्थापन नभएसम्मका लागि हाल उक्त बसपार्क चौरजहारी नगरपालिका आफैले नगर प्रहरी परिचालन गरी सञ्चालन गर्ने ।

<u>निर्णय नं. ५</u>: ठेक्का रद्ध गरी कालो सूचीमा राखे सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०७७/०७८ मा सङ्घीय सरकारबाट हस्तान्तरण भई यस चौरजहारी नगरपालिकाबाट ठेक्का आव्हान हुंदा M/S BKOI-Jaya Bageshwori Mata J/V Nepalgunj-24, Banke सँग मिति २०७८/०९/०९ मा सम्झौता भएको ठेक्का नं CJM/WORKS/NCB/29/077/078, को निर्माण २०८०/०५/०९ मा गर्नुपर्नेमा पटकपटक म्याद थप गर्दा समेत निर्माण कार्य नगरेको तथा पेश्की वापतको रकम बैङ्क जमानत जफतको लागि प्राइम कर्मसियल बैङ्क नेपालगञ्जलाई पत्राचार गर्दा निर्माण व्यवसायीले मुद्धा मामिला गरी अन्योलता सृजना गरी पेश्की जमानत जफत हुन नसकेको हुँदा अझ थप समस्या सृजना हुने देखिएको साथै मिति २०८२/१२/७ गते युग आव्हान दैनिकमा ठेक्का अन्त्य किन नगर्ने सम्बन्धी सूचना प्रकाशित गरी सात भित्र विश्वसनिय स्पष्टिकरण पेस गर्न समय दिईएकोमा कुनै जवाफ पेस नभएकोले उक्त ठेक्काको प्रगति के कति भएको छ भनि कार्यालयबाट प्राविधिकलाई फिल्ड अनुगमन गरी प्रतिवेदन बुझाउने गरी यस कार्यालयबाट मिति २०८३/०२/२६ मा प्राविधिक टोली खटाइ पठाइएकोमा उक्त टोलीले मिति २०८३/०३/०१ मा पेस गरेको प्रतिवेदनमा आयोजनाको काम जम्मा २.५३१ प्रतिशत मात्र भएको र निर्माण व्यवसायले सम्झौता रकमको २० प्रतिशत बराबर पेश्की लिएकोमा रु. १५ लाख मात्र पेश्की फछ्यौंट गरेकोले लिएको पेश्कीको बाँकी रकम एकिन गरी पेश्की फछ्यौंट गर्न आवश्यक कारवाही गर्ने र कानुन/सम्झौता बमोजिम व्याज समेत गणना गर्ने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ तथा सार्वजनिक खरिद नियमावली, २०६४ का सम्बन्धित व्यवस्थानुसार सम्झौता अन्त्य, जमानत जफत, बाँकी कार्य सम्पन्न गराउने तथा सरकारी बाँकी सरह असुल उपर गर्ने प्रक्रिया लागूहुने हदसम्म अघि बढाउने भनि प्रतिवेदन पेस गरेकोले सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५९ को उपदफा २(क) मा भएको व्यवस्था

बमोजिम कार्य सम्पादन नगरेको तथा पेश्कीको दुरुपयोग गरेकाले उपदफा ७ बमोजिम ठेक्का सम्झौता अन्त्य गरी उपदफा ८ बमोजिम Performance Bond वापतको रकम रु २ करोड ५५ लाख ६६ हजार ७०० र Advance Payment Gutantes वापतको रकम रु. २ करोड ६६ लाख जफत गरी उपदफा ३(ख) बमोजिम क्षतीपूर्ती समेत भराई दफा ६३(ग) बमोजिम कालोसूचीमा राख्ने र पुन्हः सोही कार्यको लागि ठेक्का आव्हान गर्न नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. ६: **किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा प्रमाणीकरण सम्बन्धमा** छलफल गर्दा किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७९ को दफा ५ अनुरूप गरिएको मूल्याङ्कनका आधारमा यस चौरजहारी नगरपालिका अन्तर्गत श्री कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्रको सेवा किशोरकिशोरी मैत्री रहेको पाइएकोले उक्त संस्थालाई किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा प्रमाणीकरण गर्ने ।

निर्णय नं. ७: **पोषणमैत्री स्वास्थ्य संस्था घोषणा सम्बन्धमा** छलफल गर्दा पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९ परिच्छेद ५ अनुरुप पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्न चाहिने अनिवार्य मापदण्ड र पोषण विशेष सेवाका मुख्य सूचकहरूको मूल्याङ्कन गर्दा यस चौरजहारी नगरपालिका अन्तर्गत श्री कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्रको सेवा पोषणमैत्री रहेको पाइएकोले उक्त पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गर्ने ।

निर्णय नं. ८: **सुरक्षित गर्भपतन सेवा तथा स्वास्थ्यकर्मी सूचीकृत सम्बन्धमा** छलफल गर्दा सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार नियमावली, २०७७ को नियम (१४) को उपनियम (२) बमोजिम गरिएको मूल्याङ्कनका आधारमा यस चौरजहारी नगरपालिका अन्तर्गत श्री कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्र र सोही संस्थाबाट सेवा दिने सेवा प्रदायक अ.न.मी. श्री जुना खडका घर्तीलाई सुरक्षित गर्भपतन सेवाको लागि सूचिकृत गर्ने ।

निर्णय नं. ९: **विविध सम्बन्धमा** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको अन्य भत्ता (सुत्केरी स्याहार भत्ता, स्वास्थ्य कर्मीको नाइट सार्वजनिक विदा लगायत) खर्च शीर्षकमा विनियोजन भएको ६ लाख रकम अपुग भई कोटजहारी प्राथमिक स्वास्थ्य केन्द्रमा रकम भुक्तानी गर्नका लागि अपुग रु. ७४ हजार रकम र शैक्षिक क्यालेन्डरको लागि रु. ६० हजार रकम विविध कार्यक्रम खर्च (कार्यपालिका नियमानुसार विभिन्न कार्यक्रम) शिर्षकबाट व्यहोर्ने ।

निर्णय नं. १०: **विविध सम्बन्धमा** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको कला संस्कृति खर्च शीर्षकमा विनियोजन भएको रकमबाट नगरपालिकाको वाङ्गमय कला परिषद ऐन, २०८१ बमोजिम नगर कार्यपालिकाबाट

ईश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

गठित कार्यकारी समितिबाट कार्यान्वयन हुने गरी बाजागाजा र वाद्यवादन सामग्री खरिद गरी कार्यान्वयन गर्ने ।

<u>निर्णय नं. ११ :</u> **विविध सम्बन्धमा** छलफल गर्दा यस चौरजहारी नगरपालिका स्थित सामुदायिक तथा संस्थागत विद्यालयहरूका लागि कक्षा १ देखी कक्षा ८ सम्म कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रम **"हाम्रो चौरजहारी"** मा आधारित कक्षा १-५ को स्थानीय पाठ्यपुस्तकको पिआरसी कपी छपाईका लागि उपयुक्त भएको व्यहोरा स्थानिय पाठ्यक्रम निर्माण विज्ञ समूहको मिति २०८३ बैशाख १८ को निर्णयबाट सिफारिस भई आएको हुँदा उक्त पाठ्यपुस्तक स्वीकृत गर्ने ।

यसरी आजको बैठक शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

इश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख

अनुसूची- १

मिति २०८३/०३/११ गते बसेको नगरकार्यपालिकाको निर्णय नं. (२) सँग सम्बन्धित

आर्थिक वर्ष २०८२/०८३ को कन्टेन्जेन्सीबाट प्राप्त हुने अनुमानित रकम

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन	कन्टेन्जेन्सी रकम ३%
१	नगर कार्यापालिकाको भवन सुरक्षाका लागि पर्खाल सहितका पुर्वाधार निर्माण समेत साझेदारी	३१११२	नेपाल सरकार - समानिकरण अनुदान	७८०००००.	१२६०००.
२	जनकल्याण आधारभुत विद्यालय रातामाटा चौनपा १३	३१११२	नेपाल सरकार - समानिकरण अनुदान	८०००००.	२४०००.
३	हरित जहारीखोला कार्यक्रम	३११३१	नेपाल सरकार - समानिकरण अनुदान	९०००००.	२७०००.
४	हातेडाडा माथिल्लो बस्ती फलाटे अमलाटाकुरा सडक निर्माण वडा न.०४	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	३०००००.	९०००.
५	१२ नं. वडा कार्यालय जोडने सडक निर्माण खर्च	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	३०००००.	९०००.
६	गोइरी डोप्के रुपसेपानी सडक निर्माण वडा न.०८	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	१००००००.	३००००.
७	भुकुन्डे टाटा फलाट वडा कार्यालय अमलाटाकुरा ज्युला सडक स्तरोन्नति चौ न पा ४ प्रदेश सरकारसँग साझेदारी	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	९८०००००.	१४७०००.
८	सडक मर्मत खर्च	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	५०००००.	१५०००.
९	शान्तीबजार घर्तिकाँडा वडा कार्यालय खागल खडक स्तरोन्नति चौ न पा ६ प्रदेश सरकारसँग साझेदारी	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	९९०००००.	१३५०००.
१०	शान्तिबजार घर्तीकाडा वडा कार्यालय खागल सडक स्तरोन्नति चौरजहारी ६	३११५१	कर्णाली प्रदेश - समपुरक अनुदान पुँजीगत	९९०००००.	१३५०००.
११	भकुन्डे टाटा फलाट वडा कार्यालय अमटाकुरा ज्युला सडक स्तरोन्नति चौ न पा ४	३११५१	कर्णाली प्रदेश - समपुरक अनुदान पुँजीगत	९८०००००.	१४७०००.
१२	पुरनापानी पाल पेदिखोला घारीमुल अम्लाटाकुरा सडक वडा न.१३ र १४	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	५०००००.	१५०००.
१३	उल्लेरी सानोभेरी जोड्ने सडक निर्माण वडा न.१२	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	५०००००.	१५०००.

१४	व्यवसायिक फलफुल खेती गर्ने कृषकको लागि बारिमा प्लाष्टिक पोखरी तथा साना सिचाइ कार्यक्रम खर्च	३११५५	नेपाल सरकार - समानिकरण अनुदान	७५००००.	२२५००.
१५	नार्जी सिचाइ कुलो निर्माण वडा न.०७	३११५५	नेपाल सरकार - समानिकरण अनुदान	३०००००.	९०००.
१६	लिफ्ट खानेपानी आयोजना मर्मत सम्भार	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	८०००००.	२४०००.
१७	फलाट प्रतिक्षालय निर्माण वडा न.०४	३११५९	आन्तरिक श्रोत	१४००००.	४२००.
१८	मनकोटडाडा चौतारी निर्माण चौनपा ०४	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	८००००.	२४००.
१९	माध्यामिक विद्यालय खहरे गेट निर्माण वडा न.०५	३११५९	कर्णाली प्रदेश - समानिकरण अनुदान	२०००००.	६०००.
२०	मानाकोट माई भगवति मन्दिर निर्माण वडा न.१०	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
२१	सबै स्वास्थ्य संस्थाको लागी फोहोर व्यवस्थापन गर्न खाडल तयारी गरि तारवार गर्न्	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	३०००००.	९०००.
२२	खौचुनी मछ्यद्वारी पर्यटन पुर्वाधारको लागि पैदल मार्ग निर्माण वडा नं.०३	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	३७००००.	१११००.
२३	नगर अस्पतालको लागि टायल तथा खानेपानी लगायत संरचना निर्माण	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	१००००००.	३००००.
२४	कुरल झुलुङ्गे पुल देखि चौरिल्लासम्म पैदल मार्ग निर्माण १	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	४५००.
२५	सडक मर्मत १	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
२६	कुरल झुलुङ्गे पुलदेखी चौरिल्लासम्म पैदल मार्ग निर्माण चौनपा १	३११५१	कर्णाली प्रदेश - समानिकरण अनुदान	१५००००.	४५००.
२७	बागमारे खोला -फुलवारी गोदामघर हुदै शान्तिनगर सम्म सडक ट्र्याक खोल्ने	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	४५००.
२८	नाखिरा विद्यालय भौतिक पुर्वाधार निर्माण खर्च	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	६०००.
२९	राधाकृष्ण मन्दिर फिल्ड निर्माण १	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	४५००.
[illegible]	[illegible]	[illegible]	नेपाल सरकार -	२०००००	६०००.

३१	सडक मर्मत तथा नहर सरसफाई वडा नं २ भित्र का ।	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
३२	टाटाटोल चौतारो निर्माण चौ न पा ०२	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	६०००.
३३	जंगले टाेलमा सामुदायिक टहरा निर्माण वडा नं २ ।	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	४५००.
३४	विजयश्वरी आधारभुत विद्यालयमा मन्च निर्माण वड नं २ ।	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
३५	बल बहादुर बुढाको घरदेखी टाटागाउँ मुलसम्म जाने पैदल मार्ग वडा न.०३	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	१६९०००.	५०७०.
३६	अम्बाचौर लामाबगर सडक निर्माण वडा न.०३	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	४०००००.	१२०००.
३७	टाटागाउँ मूल संरक्षण इन्टेक पाइप लाइन मर्मत	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
३८	अमलाटाकुरा विधालयदेखी जिउलासम्म सडक स्तरउन्नती वडा नं ०४	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	५०००००.	१५०००.
३९	टाकुरा देखि खहरेसम्म पैदल मार्ग निर्माण वडा न.०४	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	६०००.
४०	सडक मर्मत सम्भार वडा नं ०४	३११५१	कर्णाली प्रदेश - समानिकरण अनुदान	३०००००.	९०००.
४१	मनकोट आ.वि मा मर्मत तथा सम्भार खर्च	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	६०००.
४२	भागरे वेतेनी किमिल गाँडा सडक निर्माण	३११५१	आन्तरिक श्रोत	२०००००.	६०००.
४३	सडक मर्मत वडा नं ०५	३११५१	आन्तरिक श्रोत	१०००००.	३०००.
४४	गलगले गैरागाँउ सिचाइ योजना चौ न पा ०५	३११५५	कर्णाली प्रदेश - समानिकरण अनुदान	२०००००.	६०००.
४५	वेतेनी झाकी सल्ला सिचाई निर्माण वडा नं ०५	३११५५	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
४६	गलगले जोगिडाँडा सिचाई पोखरी निर्माण वडा नं ०५	३११५५	राजस्व बाँडफाँड - प्रदेश सरकार	१०००००.	३०००.
४७	खहरेखोला मुल सिचाई आयोजना वडा नं ०५	३११५५	आन्तरिक श्रोत	१०००००.	३०००.
४८	मल्यासिम खानेपानी मूल मर्मत वडा नं ०५	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	६०००.
४९	तल्लो बाख्खोर काँसिवाङ नाउलाखोला सडक निर्माण योजना६	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	४०००००.	१२०००.

नगर कार्यपालिकाको कार्यालय ... कर्णाली प्रदेश, नेपाल २०७२

५०	वडास्तरिय सडक मर्मत योजना ६	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	४४००००.	१३२००.
५१	पुरानो ठाटिदेखी भुस राख्ने ओडारसम्म सडक निमार्ण वडा न.०६	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	६०००.
५२	साइकारी खानेपानी टयाङ्की निर्माण योजना ६	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	४०००००.	१२०००.
५३	भगुने boarding school टाकुरा सडक निर्माण योजना	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	६०००.
५४	सडक मर्मत योजना वडा नं ०७	३११५१	कर्णाली प्रदेश - समानिकरण अनुदान	१०००००.	३०००.
५५	चिराखोला विउरेनी खानेपानी तथा इन्टेक निर्माण वडा न् ०७	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	४५००.
५६	प्रा.वि.नार्जि घेरावार निर्माण	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	२५००००.	७५००.
५७	कालिमाटि चौतारी निर्माण वडा नं. ०७	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	४५००.
५८	पाखापानी प्रतिक्षालय निर्माण	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
५९	९ न.वडा कार्यालयको लागि मेशिनरी तथा फनिर्चर खरिद कार्य	३११२२	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	४५००.
६०	सडक मर्मत सम्भार वडा नं ०९	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	२२००००.	६६००.
६१	भलिबल खेल मैदान निर्माण योजना वडा न.०९	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	४५००.
६२	नाउलाखोला खानेपानी मुहान संरक्षण तथा प्रतिक्षालय निर्माण आयोजना	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	३४००००.	१०२००.
६३	वडा स्तरिय सडक मर्मत सम्भार याेजना वडा नं १०	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	२५००००.	७५००.
६४	चौखे ढुङ्गा एक घर एक धारा तथा शहिद स्मृति नगरअस्पतालमा खानेपानी व्यवस्थापन वडा नं १०	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	१७००००.	५१००.
६५	सार्वजनिक चाैतारा निर्माण याेजना वडा नं १०	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
६६	आधारभुत विधालय विसाउनेचौर फिल्ड तथा घेरावार निर्माण याेजना वडानं १० ।	३११६१	नेपाल सरकार - समानिकरण अनुदान	७०००००.	२१०००.

६७	तिमिलेचौर धामीखोला सिचाई ट्याँकी निर्माण वडा नं ११	३११५५	कर्णाली प्रदेश - समानिकरण अनुदान	३०००००.	९०००.
६८	बन कार्यालयदेखि टाटा खोर्सली सिचाई कुलो निर्माण योजना वडा नं ११	३११५५	आन्तरिक श्रोत	४०००००.	१२०००.
६९	सानाखोला न्वारी सिचाई आयोजना निर्माण	३११५५	कर्णाली प्रदेश - समानिकरण अनुदान	१५००००.	४५००.
७०	ज्ञनज्योति आ.बि को फिल्ड निर्माण वडा नं ११	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	२६१०००.	७८३०.
७१	कफलेनी बथान चौर ग्रामिण सडक निर्माण वडा नं १२	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	४५००.
७२	आधारभुत स्वास्थ्य चौकीदेखि पातिहाल्ना सडक स्तरउन्नोती वडा नं १२	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
७३	वडा स्तरीय सडक मर्मत सम्भार ।	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	३०००००.	९०००.
७४	जोगिनेटा कोर्ता तल्लो उल्लेरी सडक निर्माण तथा मोड सुधार	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	८०००००.	२४०००.
७५	पातालपानी खौलुपर्या ट्याङ्की निर्माण तथा मर्मत वडा नं १२	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
७६	जोगिनेटा खोला सिचाई ट्याङ्की तथा मर्मत वडा नं १२	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
७७	सार्कीवारा मन्दिर निर्माण	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
७८	पुरानोगाउँ ज्युला पिपल चौतारा निर्माण वडा नं १२	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
७९	वडा स्तरीय सडक मर्मत सम्भार कार्यक्रम वडा नं. १३	३११५१	राजस्व बाँडफाँड - संघीय सरकार	५०००००.	१५०००.
८०	जनता आ.बि. रातामाटादेखी बंशेनिखोलासम्म सडक निर्माण वडा नं. १३	३११५१	राजस्व बाँडफाँड - संघीय सरकार	५०००००.	१५०००.
८१	खानेपानी मुहान संरक्षण र पाइप खरिद चौ नं पा १३	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	५०००००.	१५०००.
८२	पातल बस्ती सुन्तला पकेट विस्तार कार्यक्रम १४	३११३१	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
८३	तिमिले ढोलटाकुरा सडक निर्माण १४	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	१९६०००.	५८८०.
८४	विचकटिया ठाडाभित्ता सडक निर्माण चौ न पा १४	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	२४४०००.	७३२०.

८५	वडा स्तरीय सडक मर्मत सम्भार वडा न.१४	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	३५००००.	१०५००.
८६	नाउली नाइकारा पिपलपाखा सडक निर्माण चौरजहारी १४	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	२६९०००.	८०७०.
८७	औलिस साक्चाखोला खानेपानी आयोजना निर्माण चौनपा १४	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	६०००.
८८	साक्चा खानेपानी टयाङ्की निर्माण योजना १४	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	२४८०००.	७४४०.
८९	बालहित आ.वि खानेपानी टयाकी निर्माण १४	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	६०००.
९०	गोगनरी खानेपानी टयाङकी निर्माण योजना	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	३०००.
९१	नगर कार्यापालिका भनव सुरक्षाको लागि पर्खाल सहित पुर्वाधार निर्माण योजना	३११५९	नेपाल सरकार - समपुरक अनुदान पुंजीगत [आन्तरिक	११७०००००.	१८९०००.
९२	कृषि उपज संकलन केन्द्र भवन पुर्वाधार निर्माण चौ न पा १० रुकुम पश्चिम	३१११२	कर्णाली प्रदेश - शसर्त अनुदान पुंजीगत	३००००००.	९००००.
९३	आर्यघाट निर्माण चौरजहारी १ र २ रुकुम पश्चिम	३१११२	कर्णाली प्रदेश - शसर्त अनुदान पुंजीगत	१००००००.	३००००.
९४	चौफा चिन्नेबगर बिसाउनेचौर नेटा सडक स्तरउन्नती चौ न पा १०	३११५१	कर्णाली प्रदेश - शसर्त अनुदान पुंजीगत	२५०००००.	७५०००.
९५	चौरजहारी सिचाइ कुलो निर्माण चौरजहारी १ रुकुम पश्चिम	३११५५	कर्णाली प्रदेश - शसर्त अनुदान पुंजीगत	१००००००.	३००००.
९६	वरकाल्ने घुगुतिज्युला चिसापानी सिचाइ कुलो निर्माण चौ न पा १३	३११५५	कर्णाली प्रदेश - शसर्त अनुदान पुंजीगत	१५०००००.	४५०००.
९७	खहरेखोला खहरे भुजुङ्गे सिचाइ कुलो निर्माण चौरजहारी वडा नं.०५	३११५५	कर्णाली प्रदेश - शसर्त अनुदान पुंजीगत	१५०००००.	४५०००.
९८	बरल देखि पिपल टाटा सिचाइ कुलो निर्माण चौ न पा २	३११५५	कर्णाली प्रदेश - शसर्त अनुदान पुंजीगत	१५०००००.	४५०००.
९९	सिमलचौर काभ्रीखोला खलमिरी गैरा सिचाइ कुलो निर्माण चौ न पा ११	३११५५	कर्णाली प्रदेश - शसर्त अनुदान पुंजीगत	१५०००००.	४५०००.
१००	उनापनी सुपागार रुनढुङ्गा सिचाइ कुलो निर्माण चौ न पा ७	३११५५	कर्णाली प्रदेश - शसर्त अनुदान पुंजीगत	१५०००००.	४५०००.

१०१	स्यालाखोला खहरे खेत सिचाइ योजना निर्माण चौरजहारी १०	३११५५	कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत	१५०००००.	४५०००.
१०२	सिचाइ टयाङ्गी निर्माण चौ न पा १०	३११५५	कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत	१५०००००.	४५०००.
१०३	चिसापानीदेखि पाखाखेत सिचाइ कुलो निर्माण चौरजहरी न पा ६	३११५५	कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत	१५०००००.	४५०००.
१०४	रुनढुङ्गगा टाकुरा जगले सिचाइ कुलो निर्माण चौ नपा ४	३११५५	कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत	१५०००००.	४५०००.
१०५	नाखिरा ठोसाढिक घारिगाउँ मुल नहर देखी वर्माथान रोटे विशौला सिचाइ चौ न पा १	३११५५	कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत	१५०००००.	४५०००.
१०६	वडा नं.८ सिचाइ पोखरी निर्माण चौरजहारी न पा ८	३११५५	कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत	१५०००००.	४५०००.
१०७	दहखोला झापे सौर्य खानेपानी निर्माण चौ न पा १२	३११५६	कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत	१५०००००.	४५०००.
१०८	जुगेखोला चौफा बजार खानेपानी योजना चौरजहारी १० रुकुम पश्चिम	३११५६	कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत	१००००००.	३००००.
१०९	रामजानकी मन्दिर पर्यटन पुर्वाधार निर्माण चौ न पा ३	३११५९	कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत	१५०००००.	४५०००.
११०	पारगैरा चौफारी ओखरारुख पदमार्ग निर्माण चौ न पा १४	३११५९	कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत	१५०००००.	४५०००.
१११	खेल मैदान निर्माण लामिछानेगाउँ चौरजहारी १	३११५९	कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत	१००००००.	३००००.
११२	ऐतिहासिक तिरहान्ने ढुङ्गा पर्यटकीय स्थल पुर्वाधार निर्माण चौ न पा ९	३११५९	कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत	१५०००००.	४५०००.
कुल जम्मा				११४९९७०००.	२५६१९१०.

आर्थिक वर्ष २०८२/०८३ को कन्टेन्जेन्सीबाट खर्च हुने शिर्षक

क्र.सं.	क्रियाकलाप/कार्यक्रम/आयोजना	रकम रु	कैफियत
१	दुग्ध संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन खर्च	२०००००	
२	दाना उद्योग सञ्चालन तथा व्यवस्थापन खर्च	१०००००	
३	आयोजना अनुगमण तथा सुपरिवेक्षण खर्च	१५००००	

५	आयोजना अनुगमणका क्रममा भएको खाजा खाना तथा प्रशासनिक खर्च	८००००	
६	विविध खर्च	८००००	
७	आयोजनाहरुको सामाजिक परिक्षण तथा सार्वजनिक सुनाइ खर्च	८१९१०	
८	योजना अनुगमण तथा सुपरिवेक्षण मुल्याङ्कन जाँचपासतथा प्रतिवेदन बैठक भत्ता, खाजा खर्च तथा प्रशासनिक खर्च	१५००००	
९	आयोजना विवाद समधान(अदालत मध्यस्थता आदि)	१०००००	
१०	आयोजना कार्यन्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्रि खरिद	२०००००	
११	मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको परिपत्रनुसार मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यन्वयनका लागि इन्जिनियर, रोजगार संयोजन तथा लेखा शाखाको कर्मचारीलाई प्रोत्सहान भत्ता	१८००००	
१२	विभिन्न आयोजना तथा योजनाको लागि परामर्श(DPR)खर्च	७०००००	
१३	आधारभुत मनकोट र मावि कोटजहारीमा किस्क संस्थासँग साझेदारी खर्च	३०००००	
१४	पत्रपत्रिका, रेडियो तथा अनलाईन थापा माध्यमबाट लोककल्याणकारी सूचना तथा विज्ञापन खर्च	१०००००	
१५	विभिन्न परिक्षा सञ्चालन खर्च	१०००००	
	जम्मा	२५६१९१०	

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

ईश्वरीकुमारी शर्मा बि.एम.
का. वा. नगर प्रमुख